# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०७।०७ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---

ईलाका प्रशासन कार्यालय, धरान सुनसरीमा कार्यरत नायव सुव्वा हर्कबहादुर राईले नागरिकताको प्रमाण-पत्रमा जन्ममिति सच्याई प्रतिलिपि नागरिकता बनाइदिने प्रयोजनका लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिइ गएको टोलीले, निजले घुस रकम वापतको रु. २०,०००/-(वीस हजार) लिई सोही कार्यालयमा कार्यरत ना.सु. युवराज पोखरेलको खल्तीमा राखिदिएको र निज युवराज पोखरेलले सो रकम तत् पश्चात कार्यालयकै अर्का ना.सु. मोहन सुवेदीलाई राख्न दिएको अवस्थामा उल्लिखित तीन जना राष्ट्रसेवकहरुलाई कार्यरत कार्यालयबाटै मिति २०७४/०७/०६ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता